६३. मिना श्रेष्ठ (स्नेहा) मातातीर्थ वडा ११

६४. मधुरा श्रेष्ठ चं.नं.पा. १२ मधुरा

६५ दयाराम खत्री नं.नं.पा १२

६६ राजेश लामा च.नं.पा १२

६७. दिलिप घिमिरे रा.प्र.पा. नेपाल सदस्य १२

६८. [illegible] चं.नं.पा १६, २१,

६९ [illegible] लाल काजी श्रेष्ठ चं.नं.पा १२

७० माली [illegible] माता तीर्थ वडा १२ सरिकृष्ण

७१. रघुनाथ श्रेष्ठ वडा - १ - ११

७२ हरि चन्द्र महर्जन वडा नं. ११

७३. राजु श्रेष्ठ वडा २४

७४ राजु श्रेष्ठ वडा २२

७५. प्रभा माली चनपा - २२

७६ मोति काजी श्रेष्ठ चं.नं.पा. ११ मोतिकाजी श्रेष्ठ

७७ राम कुमार उप्रेती कलंकी १४

७८ श्री कृष्ण महर्जन काठमाडौं

७९ चिरीबाबु प. बोसीगाउँ

८० राजु बुढाथोकी - चं.नं.पा. १६/१८

८१ राजेन्द्र कोइराला चं.नं.पा. १६/१८

८२ ओमिन लामा चं.नं.पा. ८-३,९०

८३ उद्धव भण्डारी चं.नं.पा.११ मातातीर्थ

८४ गोपी घिमिरे चं.नं.पा ३ बाडभञ्ज्याङ

८५. कृष्ण लाल श्रेष्ठ चं.नं.पा ११, धनबहादुर श्रेष्ठ

८६. कृष्ण महर्जन चं.नं.पा १२.

८७ बलराम कार्की च.नं.पा ४

८८ श्रीधर सिग्देल ॥ ३

८९ केशर सिग्देल ॥ ३

९०. प्रदिप थापा का.नं.९८२

९१. जनार्दन महर्जन चं.नं.पा २४

९२ रामु काजी श्रेष्ठ च.नं.पा. १२

९३ [illegible] चं.नं.पा २४

९४ सरीता थापा चं.नं.पा १

९५ सबिना खत्री चं.नं.पा १

| | | | |
|---|---|---|---|
| ९६. | तुलसी महर्जन | महादेवस्थान | [signature] |
| ९७. | श्री कृष्ण कोइराला | सा. बाङ्मन्ज्याङ | [signature] |
| ९८ | कोविद प्रसाद बञ्जले | सा. दहचोक वि-८५-९ | [signature] |
| ९९ | युवराज सिग्देल | सा. दहचोक-८ | [signature] |
| १००. | विकास बातेवडा | झलिनिया च.न.पा | [signature] |
| १०१ | राजेन्द्र राई | च.न.पा | [signature] |
| १०२. | प्रमिला गेलाल | च.न.पा | [signature] |
| १०३ | सानुमाया महर्जन | च.न.पा | सानुमाया |
| १०४ | शान्ता बलामी | च.न.पा. [illegible] ५" | [signature] |
| १०५ | पार्वती कार्की | च.न.पा १५, ८. सामाजिक अभियानकर्ता | [signature] |
| १०६ | उमा कु. थापा | च.न.पा १० - सा. अ. कर्ता | [signature] |
| १०७ | पुर्ण माया सुर्खेति | नागरिक सचेतना केन्द्र सदस्य | पुर्णमाया |
| १०८ | सूर्य कमल श्रेष्ठ | च.न.पा. वडा १२ नागरिक सचेतना संयोजक | सूर्यकमल |
| १०९ | सन्तु महर्जन | " " " सदस्य - | सन्तु |
| ११० | धन महर्जन | " " " सदस्य - | धन |
| १११ | सुष्मना रिजाल | च.न.पा. वडा १२ सशक्तिकरण महिलासमूह | |
| ११२ | सोनु रिजाल | " " " | सोनु |
| ११३ | नकाश्य लामा | च.न.पा. | [signature] |
| ११४ | सुनिता बस्नेत (बलथ्यां) | सामाजिक परिचालक वडा नं. १०, १२ | [signature] |
| ११५ | सुन्दरी तामाङ | सामाजिक परिचालक वडा नं ३।४ च.न.पा. | सुन्दरी तामाङ |
| ११६. | दिपा महर्जन | " " वडा नं ८,९,१० " | [signature] |
| ११७. | सरस्वती बुढाथोकी | " " वडा नं. १६, २१ | [signature] |
| ११८. | दावे माया श्रेष्ठ | (ना.स.के ८,९,१०) | देव |
| ११९ | मालिना राना मगर | " | [signature] |
| १२० | भानु मैया राना मगर | " | Sanu |
| १२१ | सुनिता श्रेष्ठ | ( " ) | [signature] |
| १२२ | रामेश्वर पन्त | " | RS Pant |
| १२३ | राम कुमार खत्री | नागरिक मञ्च संयोजक | [signature] |
| १२४ | मोहन कुमार भट्ट | | [signature] |
| १२५ | बाबुराजा शाक्य | च.न.पा. ४-५.७ | बाबुराजा |
| १२६ | राम कृष्ण लामा | " ४ वडा नागरिक मञ्च संयोजक | [signature] |
| १२७ | लक्ष्मी थापा | चन्द्रागिरि नगरपालिका ४४ २ ३ सामाजिक परिचालक | [signature] |
| १२८ | रविमानन्द न्यौपाने | चन्द्रागिरी वार्ड नं २४ | |
| १२९ | दामोदर रिजाल | चन्द्रागिरी ११ | Damodar |
| १३० | कर्ण मान गुरुङ | | [signature] |

| | | | |
|---|---|---|---|
| १३१ | जीवन महर्जन - | मध्यपुर ठिमि १६ | |
| १३२ | कृष्ण ओलेमा | च० न० पा० १२ १४ | |
| १३३ | जीवन अधिकारी | | |
| १३४ | अच्युत अधिकारी | च.न.पा १४ | |
| १३५ | जुजु काजी [illegible] | ,, २२ | |
| १३६ | तारण थापा | ,, २३ | |
| १३७ | हिरा कृष्ण महर्जन | वडा सचिव १२,१४ | |
| १३८ | श्री [illegible] | ,, ,, २० १२ | |
| १३९ | प्रदिप रिजाल | ११ | |
| १४० | प्रकाश रिजाल | च.न.पा १२ | |
| १४१ | अशोक कुमार रिजाल | च.न.पा.१२ | |
| १४२ | आर. बि. रिजाल | ,, ११ | |
| १४३ | बिजय [illegible] | ,, १२ | |
| १४४ | सुदर्शन पन्थ | ११ | |
| १४५ | ऋषि राम आचार्य | च.न.पा २४ | |
| १४६ | जयराम कार्की | च.न.पा.२४ | |
| १४७ | साहु राम बहादुर | २४ | |
| १४८ | रत्न बहादुर [illegible] | २४ | |
| १४९ | सुदिप रिजाल | च.न.पा. ११ | |
| १५० | राजन खनाल | ,, १२ | |
| १५१ | नवराज पराजुली | ,, १२ | |
| १५२ | सरोज रिजाल | ,, १२ | |
| १५३ | [illegible] | ,, १२ | |
| १५४ | रत्न महर्जन | ,, ,, | |
| १५५ | बिजय प्रसाद खनाल | ,, ११ | |
| १५६ | चन्द्र बहादुर खड्का | ,, ११ | |
| १५७ | कृष्ण बहादुर भण्डारी | ,, ,, | |
| १५८ | राम बहादुर सिलवाल | ,, ,, | |
| १५९ | दुर्गे खपाङ्ग | ,, ११ | |
| १६० | साजु बहादुर साही | ११ | |
| १६१ | खड्ग बहादुर महर्जन | ,, ११ | |
| १६२ | कृष्ण प्र. महर्जन | ,, ८ | |
| १६३ | कान्छी महर्जन | ,, ११ | |
| १६४ | अर्जुन रिजाल | ११ | |
| १६५ | गुरुनाथ रिजाल | ११ | |
| १६६ | मोहन प्र. रिजाल | ११ | |

१६६. चन्द्र मान तमाङ नुवकोट जिल्ला ककुने अफिस वट १

१६७. [illegible] मातातीर्थ

१६९. कानूनी सल्लाहकार अधिवक्ता बद्री राज भट्ट (न.क.पा.)

१७० दीपक कुमार उपाध्याय हि.वि. २११ कि.प. न.पि.नि.पा.

१७१ उपेन्द्र कुमार आचार्य

१७२ बाबुराम सत्याल न.वि.प. मुवागा मातातीर्थ

१७३ ध्रुव श्रेष्ठ मं.वि.प्र. प्रकाश वजरङ्ग

१७४ गोविन्द संगीत महर्जन मातातीर्थ ह. बी

१७५ हरि नारायण नकर्मी च नं प्रा १७

१७६ बद्रि नेपाली म.नि.प्र. वृत्त थानकोट

१७७ नर बहादुर खड्का म.नि.प्र. प्रभाग मातातीर्थ

१७८ सम्भु प्रसाद खनाल म.नि.प्र. वृत्त थानकोट

१७९ शोभा श्रेष्ठ —॥—

१८० सिद्धार्थ चौधरी —॥—

१८१ सुरेश कुमार कार्की म.न.प्र.प्र. मतातीर्थ

१८२ खड्ग श्रेष्ठ —॥— वृत्त थानकोट

१८३ प्रकाश श्रेष्ठ म न प्र वृत्त थानकोट

१८४ भीम बहादुर महर्जन चं.नं. १७

१८५. चन्द्रागिरी नेपालीको १५ नं ८ संयोजक : श्री महर्जन ९८४१०६३६६४

१८६. देव कुमार महर्जन चं.न. ४४ - स्वयंसे 9751029382

१८७ [illegible] ११ मातातीर्थ

१८८ मनोज ध्याकेल भरोसा नेपाल

१८९ Ashok Adhikari "

१९० Shima Adhikari "

सार्वजनिक सुनुवाई : सम्पन्न प्रतिवेदन

# चन्द्रागिरी नगरपालिका

वलम्वु, काठमाडौं

२०७२/०७/२३

प्रतिवेदन लेखन तथा तयारी

मनोज प्याकुरेल

मिति: २०७२/०७/२९

## "चन्द्रागिरी नगरपालिकाद्धारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न प्रतिवेदन"

**पृष्ठभूमी :** स्थानीय निकायमा जनताको प्रतिनिधी नभएकाले कर्मचारीहरुले विधिको पालना, सुशासन र पारदर्शिता कायम गराउन विभिनन कठिनाईहरु भेल्दै आएको छन् । सार्वजनिक सुनुवाई सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका स्थानीय निकायका पदाधिकारीहरुविच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थानमा खुला छलफल गर्ने प्रकिया हो । सार्वजनिक रुपमा सरोकारवालाले कुनै पनि सार्वजनिक सरोकारको विषयमा जनताको विचार तथा प्रश्न सुनेर उनिहरुको जिज्ञासालाई सम्वोधन गर्नेकाम सार्वजनिक सुनुवाइमा हुने गर्दछ । यो सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुको पारदर्शिता र जवाफदेहिता अभिवृद्वी गर्ने सहभागिता मुलक प्रक्रिया हो । हाले चन्द्रागिरी नगरपालिकाले स्थानीय निकाय नागरिकहरुका विषमा दोहोरो संवाद स्थापित गर्न सार्वजनिक सुनुवाई कार्यक्रम संम्पन्न गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७२/०७३ को पहिलो चौमासिक (श्रावण-कार्तिक) भित्र भाए गरेको प्रगति प्रतिवेदन सार्वजनिक गर्दै सार्वजनिक सुनुवाई कार्यक्रम संम्पन्न गरेको हो ।

**उद्देश्य :**
सार्वजनिक सुनुवाईकार्यक्रमका मुख्य उदेश्य निम्न रहेको थियो :
**क)** स्थानीय निकायबाट उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्ने ।
**ख)** दोहोरो संम्वादबाट जिम्मेवार अधिकारी र नागरिक बीचको दुरी कम गरि सेवा, वस्तु र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरित भई सुशासनको प्रत्याभुती दिने ।

**कार्यक्रम संचालन भएको मिति र समय**
सार्वजनिक सुनुवाईको आयोजना मिति २०७२ साल कार्तिक २३ गते दिनको ठिक ११ बजेलाई तय गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना मध्यान्न ११ बजेबाट सुरु गर्ने भनिएकामा ११:३५ बजेबाट सुरु भएको थियो भने ०२:४० मा कार्यक्रम संम्पन्न भएको थियो ।

**कार्यक्रम संचालन भएको स्थान**
चन्द्रागिरी नगरपालिका विभिन्न तिन उपयुक्त स्थानहरुमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने नीति अनुरुप वडा नं. ११ मातातिर्थ स्थित स्वास्थ्य चौकी परिसरमा कार्यक्रमको आयोजना भएको थियो ।

**कार्यक्रम संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना**
शिव अधिकारी (कार्यकारी अध्यक्ष)
भरोसा नेपाल, गौतमवुद्ध मार्ग, अनामनगर, काठमाडौं ।
फोन नं.: ०१४२२९२८४
Email : bharosanepal@gmail.com
Webside : www.bharosanepal.org

**कार्यक्रममा सहभागिता**

सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाका प्रमुख तथा अन्य कर्मचारीहरु, पशुसेवा कार्यालयका प्रमुख तथा प्रतिनिधी, कृषिसेवा कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, जनस्वास्थ्य कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, वडा कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, सामाजिक परिचालकहरु, वडा नागरिक मन्चका प्रतिनिधीहरु, नागरिक सचेतना केन्द्रका प्रतिनिधीहरु, स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधीहरु, विभिन्न युवा क्लवका प्रतिनिधीहरु, स्थानीय वुद्धिजिवीहरु लगायत विभिन्न वडाका सेवाग्राहीहरु सहित जनाको उपस्थिती रहेको थियो । ( जनसहभागिता अनुसूचिमा १ मा)

**कार्यक्रम संचालन विधि**

सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना निम्न अनुसार संन्चालन गरिएको थियो ।

क) सार्वजनिक सुनुवाई कार्यक्रम सुरु ।
ख) सार्वजनिक सुनुवाई के हो, यसको उद्देश्य, महत्व र फाईदाको वारेमा प्रकाश पार्ने ।
ग) अतिथिहरुको अध्यक्षता ग्रहण तथा आशन ग्रहण गर्ने ।
घ) आचारसंहिता वाचन गर्ने ।
ङ) सार्वजनिक सेवाप्रवाह बारे नगरपालिकाको संक्षिप्त प्रतिवेदन प्रस्तुती ।
च) नागरिक प्रतिवेदन पत्र र वहिर्गमन अभिमतको प्रतिवेदन प्रस्तुती ।
छ) सवाल जवाफको कार्यक्रम सुरु ।
ज) स्थानीय सेवाग्राहीहरुवाट प्रश्न सोध्ने ।
झ) संम्वन्धीत पदाधिकारी मार्फत जिज्ञासा माथी प्रकाश पार्ने ।
ञ) समापन मन्तव्य र धन्यवाद ज्ञापन ।
ट) कार्यक्रम विसर्जन ।

**सुनुवाई गरिएका विषयवस्तुहरु**

क) नगरपालिकामा सार्वजनिक जग्गा मिचिएको ।
ख) मातातिर्थको पनि वितरण प्रभावकारी रुपमा नभएको ।
ग) नगरपालिका अन्तर्गतका सवै वडाहरुमा कार्यालय स्थापना नगरिएको ।
घ) नगरपालिकामा सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा शौचालयहरुको उचित व्यवस्था नभएको ।
ङ) नगरपालिकामा स्थापना भएका विभिन्न समितिमा (समावेसी) दलितको सहभागिता नभएको ।
च) नगरपालिका भित्रको फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
छ) नगरपालिकाले योजनाहरु निर्माण गर्दा योजना वित्तहरुसँग सल्लाह नलिएको ।
ज) युवा स्वरोजगारमूखी योजनाहरुलाई नगरपालिकाले प्राथमिकता नदिएको

**कार्यक्रममा उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

कार्यक्रममा विभिन्न वडाहरुवाट वडाहरुवाट वडा नागरिक मंन्चका प्रतिनिधीहरु, नागरिक सचेतना केन्द्रका प्रतिनिधीहरु, सामाजिक परिचालकहरु, विभिन्न विषयका विज्ञहरु, राजनैतिक दलका कार्यकर्ताहरु र सेवाग्राहीहरुको उल्लेख्य उपस्थिती रहेको थियो । कार्यक्रमको दौरान सेवाग्राही तथा जवाफदेही वक्तहरुले गर्नु भएको सवाल जवाफको छोटकरी अंश तल तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | **जवाफको छोटकरी व्यहोरा र प्रतिवद्धता** |
|---|---|---|---|---|
| १ | मदन भुजेल (नागढुङ्गा युवा क्लव सचिव तथा ने.ना.म सदस्य) | ♦ थानकोट चेकपोष्ट र मनुङ्गलमा न.पा.को विषेशता सहितको प्रवेशद्धार निर्माण गर्नु पर्ने ।<br>♦ च.न.पा ३ र ४ को वडा कार्यालयमा ट्वाईलेट निर्माण गर्नुपर्ने । साथै कार्यालय साँघुरो रहेकोले व्यवस्थीत बनाउनु पर्ने।<br>♦ न.पा. भित्र सार्वजनिक जग्गा मिचेकाहरुलाई मापदण्ड भित्र ल्याउनु पर्ने ।<br>♦ न.पा.ले. युवा स्वरोजगारमूखी कार्यक्रम लाई जोड नदिएकोमा दुःख व्यक्त । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी घनश्याम गिरी | ♦ न.पा.का कार्यकारी प्रमुखले प्रवेशद्धार निर्माणको प्रकिया अगाडी बढाउनको लागि सम्वन्धित शाखालाई अनुरोध गर्नु भएको ।<br>♦ न.पा.ले सबै वडा कार्यालय हरुलाई वप भौतिक व्यवस्था सहित व्यवस्थित बनाउदै लैजाने ।<br>♦ सार्वजनिक जग्गा मिचेकालाई मापदण्ड भित्र ल्याईने छ तर त्यस कार्यमा सबैले सहयोग गर्नुपर्ने ।<br>♦ युवा स्वरोजगारमूखी कार्यक्रमलाई न.पा.ले विषेश जोड दिने । |
| २ | सूर्य बहादुर महर्जन वडा नं. ८ | ♦ नगरपरिषद गर्दा सुचना र प्रचारप्रसारको कमी भयो र नगर परिषदको निर्णयहरु सार्वजनिक गरिएन ।<br>♦ साविक थानकोट गा.वि.स.मा मात्र कुल बजेटको २०.८५ प्रतिशत बजेट | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.क.पा. एमाले प्रतिनिधी रमा आले | ♦ परिषदको कार्यक्रम व्यापक प्रचार प्रसार सहित सम्पन्न गरेका थियौं । परिषदको निर्णय पनि सार्वजनिक गरिएको थियो ।<br>♦ आउँदो पौषको परिषद देखी वडाहरुको बजेट विनियोजनमा समानुपातिक प्रक्रिया अपनाउने प्रतिवद्धता जाहेर । |

| | | | | |
|---|---|---|---|---|
| | | छुट्याईयो । बजेट विनियोजनमा वडाहरुलाई काखा र पाखा भयो । | | |
| ३ | उत्तम राउत ब.ना.म. २४ संयोजक | ♦परिषदको रणनीतिमा न.पा.का विकट क्षेत्रहरु मसिने र भाँगाकिटीलाई विशेष प्राथमिकता दिने भनिएको तर योजनाहरु त्यस खालका बनाईएन ।<br>♦ नगरपालिकाको बजेट विनियोजन मा असमानता देखीएको छ किन । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br>ए.ने.क.पा. माओवादीका मुकुन्द घिमिरे<br>रा.ज.मो.का गणेश कुँवर | ♦ आउँदो परिषदबाट पिछडिएको क्षेत्रलाई माथि उठाउने कार्यक्रममा जोड दिईने छ ।<br>♦ अघिल्लो वर्ष बजेट विनियोजनमा कमजोरी भएको राजनीतिक दलहरुले नैतिक जिम्मेवारी लिंदै आगामि परिषद देखी समानुपातिक रुपमा बजेट विनियोजन गरिने छ । |
| ४ | विष्णुलाल श्रेष्ठ<br>वडा नं. १२ | ♦ न.पा.को कार्यालय सबैलाई पायक पर्ने स्थान थानकोट र मतुइलवा विषमा राख्नुपर्ने ।<br>♦मातातिर्थको पानि वितरण प्रभावकारी बनाउन न.पा.ले कस्तो योजना बनाएको छ ।<br>♦ मृगौला फेल भएको व्यक्तिलाई न.पा.ले आर्थिक सहयोग गरेन ।<br>♦ भुकम्प पिडीतलाई आर्थिक सहयोग वितरण प्रभावकारी भएन । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br>ने.का. प्रतिनिधी घनश्याम गिरी | ♦ न.पा.ले सबैलाई पायक पर्नेठाउँमा कार्यालय स्थापना गर्न मतुइलमा रहेको जि.वि.स.को जग्गा उपयोग गर्न प्रक्रिया अगाडि बढाई सकिएको छ ।<br>♦ मातातिर्थको पानि प्रभावकारी वितरण गर्न नगरपालिकाले सरकारलाइ र सहयोगको अपेक्षा गरिरहेको छ ।<br>♦ मृगौला पिडितलाई न.पा.ले सहयोग गर्ने व्यवस्था छैन । प्रक्रिया पुरा गरेर जिल्ला प्रशासन कार्यलय मार्फत सहयोग लिनु पर्दछ ।<br>♦ भुकम्प पिडितलाई आर्थिक सहयोग वितरण गर्न नेपाल सरकारको निर्देशन अनुसार मात्र गर्न सकिन्छ । |
| ५ | प्रल्हाद रिजाल<br>वडा नं. ११ | ♦न.पा.को पार्श्व चित्र निर्माण गर्दा स्थानीय बुद्धीजिवी र बुढापाकासँग छलफल गरि प्रभावकारी बनाईयोस ।<br>♦ युवा स्वरोजगारमुखी कार्यक्रमहरु सन्चालनमा नगरपालिका उदासिन रहेको र जसको कारण युवाहरु निरास भएका ।<br>♦ न.पा.ले बाटो सानो भएको स्थानमा घरको नक्सा पास नगरिदियोस । | **संयुक्त जवाफ**<br>का.प्र<br>कृष्ण प्रसाद अधिकारी<br>ईन्जिनियर<br>हेमन्त महर्जन | ♦ नेपाल सरकारले निर्धारण गरेको विधि र प्रक्रिया अनुसार विज्ञहरुको समुहले न.पा.को पार्श्व चित्र निर्माण गर्नेछ र स्थानीय बुद्धिजिवीहरुको ज्ञानलाई पनि समावेश गरिने प्रतिबद्धता व्यक्त ।<br>♦ युवाहरुले सम्पूर्ण प्रक्रिया पुरा गरि नतिजामुखी योजना लिएर आएमा न.पा.ले सहयोग गर्ने ।<br>♦ मापदण्ड अनुसार बाटो नभएका जग्गाहरुमा न.पा.ले घरको नक्सा पास गरेको छैन । |
| ६ | पविता पौडेल<br>वडा नं. २० | ♦ न.पा. मा शिक्षा र स्वास्थ्य सुधारको लागि जनचेतना अभिवृद्धी कार्यक्रम गर्नु पर्यो ।<br>♦ न.पा भित्र सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुमा व्यवस्थित शौचालय हुनुपर्ने ।<br>♦ नयाँ संविधानको विषयमा कानुनी प्रशिक्षण दिनु पर्ने ।<br>♦ सार्वजनिक जग्गा मिच्नेहरुलाई न.पा.ले कस्तो कारवाही गर्दछ । | **संयुक्त जवाफ**<br>का.प्र<br>कृष्ण प्रसाद अधिकारी<br>माओवादी प्रतिनिधी सुरेश लामा<br>राप्रपा नेपालका प्रतिनिधी देवेन्द्र प्रधान | ♦ ODF अनुसार न.पा.ले सरसफाईका कार्यहरु सन्चालन गरिरहेको ।<br>♦न.पा.का सार्वजनिक सेवा प्रदायक निकायहरुमा शौचालयलाई व्यवस्थित बनाउन न.पा.ले सहयोग गर्ने ।<br>♦संविधानको विषयमा कानुनी प्रशिक्षण दिने कार्य न.पा.को कार्यविधि भन्दा बाहिरको कुरो हो ।<br>♦ सार्वजनिक जग्गाहरु कसले,कहाँ र कति मिचेको छ लिखित निवेदन सहित न.पा.मा उजुरि गरेमाप्रशासनको सहयोग लिएर भएपनि कारवाही गरिने छ । |
| ७ | अच्युत अधिकारी<br>वडा नं. १४ | ♦ भुकम्पले पर्केका घरहरुमा बसोबास गरेकालाई न.पा.ले के गर्दछ ।<br>♦भुकम्पले भत्काएका सार्वजनिक मठ मन्दिर र सम्पदा मर्मत सम्भारमा न.पा.को योजना के रहेको छ ।<br>♦परम्परागत संस्कृती जोगाउने खालका जात्रालाई निरन्तरता दिन न.पा.को सहयोग चाहियो ।<br>♦ वडा कार्यालयमा धेरै समय ज्यालादारिमा कार्य गर्नु भएका दशलाल शाहीलाई अन्याय पुर्वक दशैंको मुखमा हटाईएको छ । | का.प्र<br>कृष्ण प्रसाद अधिकारी | ♦ जोखम हेरेर बस्न र नबस्न आग्रह गर्ने हो ।<br>♦संस्कृती मन्त्रालयले योजना बनाईरहेको खाहा भएको छ । न.पा.ले आफ्नो श्रोतले गर्न सक्ने जती गर्नेछ ।<br>♦ राजनैतिक दलहरुसँग संस्कृती र परम्परा जोगाउने खालका जात्राहरुलाई सहयोग गर्न सकिन्छ की भनेर न.पा.ले छलफल गरिरहेको छ ।<br>♦ दशलाल शाही ज्युले वडामा गर्नु भएको मिहेनतको कदर कसरी गर्न सकिन्छ भनेर जनप्रतिनिधीहरुसँग छलफल भई रहेको छ । मर्का नपर्ने गरि उहाँलाई बिदाई गर्ने विचार गरेका छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | त्यसमा न.पा.को जवाफ चाहियो । | | |
| ८ | सुदर्शन पन्त<br>वडा नं. ११ | ♦ बाटो मिचेर घर बनाएकाहरूलाई न.पा.ले कस्तो कारवाही गर्दछ ।<br>♦ न.पा.ले जनताको घरदैलोमै पानी वितरण गर्ने कस्तो योजना बनाएको छ ।<br>♦ न.पा.ले फोहोर घरघरैमा गएर उठाउने र सही व्यवस्थापन गर्ने वातावरण बनाउनु पर्‍यो । | का.प्र<br>कृष्ण प्रसाद अधिकारी | ♦ कहाँ कसले कती सार्वजनिक जग्गा हडपेको हो त्यसको तथ्याङ्क सहित लिखित निवेदन न.पा.मा प्राप्त भएमा कारवाही गरिने छ.<br>♦न.पा.का जनतालाई घरमै पानी खाने व्यवस्था मिलाउन समिति गठन गरेर अगाडी बढ्ने ।<br>♦न.पासँग एउटा ट्रकको व्यवस्था भएको छ र आउँदा दिनमा त्यसलाई व्यवस्थित बनाउँदै लैजाने र फोहोर संकलन गर्ने र व्यवस्थापन गर्दै जानेछौं । |
| ९ | नारायण श्रेष्ठ<br>वडा नं. ११ | ♦ बौधली चोक देखी मनुइल जाने बाटो भत्किएर जनताले धेरै दुःख पाए । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी घनश्याम गिरी | ♦बाटो मर्मत गर्न नगरपालिकाले सहयोग गर्ने । |
| १० | नारायण आचार्य<br>थानकोट | ♦नैकाप देखी नागढुङ्गा सम्म बाटोमा १० ठाँउमा फोहोरको डम्पिङ्ग गरिएको देखिन्छ त्यसलाई कसरी न.पा.ले व्यवस्थित गर्ने योजना बनाएको छ ।<br>♦थानकोटमा गाडिहरु रोकेर जथाभावि दिशा पिसाव गर्ने गरेको ।<br>♦ थानकोट गा.वि.स हुँदा गरिदै आएको वृहत सरसफाई कार्यक्रम न.पा.को घोषणा भएसँगै गर्न सकिएन । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी धनश्याम गिरी | ♦न.पा. ले फोहोर व्यवस्थापन गर्न आफ्नै क्षेत्र निर्धारण गर्ने प्रयत्न गर्दैछ यदी सम्भव नभए महानगरपालिकासँग समन्वय गरेर फोहोरलाई व्यवस्थित गर्नेछौ ।<br>♦ थानकोटमा जथाभावि दिशापिसाव नियन्त्रण गर्न शौचालय निर्माणको लागी ध्यान दिइने छ ।<br>♦ODF कार्यक्रम अनुसार नगरपालिका अगाडी बढ्दै जाने छ र सरसफाई कार्यक्रमले निरन्तरता पाउने छ । |
| ११ | महेश्वर रानामगर<br>वडा नं. १० | ♦थानकोट देखी चन्द्रागिरी पखाम्पेडोल सम्म जाने बाटो मिचिदा पनि न.पा. ले केही गर्न सकेन ।<br>♦ग्रिन सिटीले खोलामा लगाएको पर्खालले गर्दा स्थानीय जनताहरूलाई मर्का परेको र न.पा.को भू माफियासँग मिलोमतो रहेको । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी धनश्याम गिरी | ♦न.पा चुपलागेर बसेको छैन कारवाहिका लागि विभिन्न निकायहरूलाई लेखेको पत्रको ओ.सि न.पा. मा छ । न.पा.ले प्रशासनका सहयोगमा कारवाही गरेको छ ।<br>♦न.पा.को माफियाहरुसँग कुनै सम्बन्ध नरहेको प्रस्ट पार्दछु । |
| १२ | गुजुमान श्रेष्ठ<br>व.ना.म. सदस्य<br>वडा नं. ११ | ♦योजनाहरु समयमै सम्झौता गरौं ।<br>♦सुरुमा भूकम्पले प्रभाव पारेको योजनाहरुलाई फेरी नाकाबन्दीले प्रभाव पारेको छ. सुरुमा गरिएको स्टिमेट अनुसार कार्य सम्पन्न गर्न कठिन देखिन्छ. न.पा.ले यसमा विचार गरिदिनु पर्दछ ।<br>♦ व.ना.म. र ना.स.के. हरुलाई न.पा.ले परिचय पत्रको व्यवस्था गरिदिए आभारि हुने थियौं । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी धनश्याम गिरी | ♦व.ना.म. र ना.स.के हरुलाई परिचय पत्रको सकारात्मक सोंच राखिदिनु भएकामा धन्यवाद दिदैं. सुझावहरु कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त । |
| १३ | चन्द्र दुलाल (नेपाली)<br>व.ना.म. संयोजक<br>वडा नं. २२ | ♦तिन वटा वडा कार्यालयमा कर्मचारी अभाव भयो ।<br>♦नगरपालिकामा नियम अनुसार कर्मचारी नियुक्त गर्नुपर्ने र कर्मचारी नियुक्त गर्दा दलितलाई पनि समावेश गर्नुपर्ने ।<br>♦न.पा भित्र भएका ईटाभट्टा व्यवस्थित गर्न न.पा.ले कस्तो योजना बनाएको छ ।<br>♦स्थानीय शान्ति समिति लगायत अन्य समिति कानुन बमोजिम गठन नभएको र त्यहाँ दलित प्रतिनिधी समावेश नगरिएको । | **संयुक्त जवाफ**<br>का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.का. प्रतिनिधी धनश्याम गिरी | ♦कर्मचारीको अभाव पूर्ति गर्न न.पा.ले छलफल गरिरहेको र्‍याडि कर्मचारी खटाईने ।<br>♦ न.पा.मा कर्मचारी नियुक्त गर्न पदपूर्ती समिति गठन गरि सकिएको र नियमानुसारनै कर्मचारी नियुक्त गरिने प्रतिवद्धता व्यक्त ।<br>♦ न.पा. भित्रका ईटाभट्टा व्यवस्थित गर्न सबैसँग समन्वय गरिरहेको जानकारी ।<br>♦ न.पा.मा गठन गरिने विभिन्न समितिहरुलाई समावेशी मुलक बनाईने प्रतिवद्धता जाहेर । |
| १४ | राम ब. थापा | ♦मातातिर्थमा भएको पानिको तुरुन्त | का.प्र कृष्ण प्रसाद अधिकारी | ♦ मातातिर्थको पानि कसरी सदुपयोग गर्न |

| | | | | |
|---|---|---|---|---|
| | व.ना.म संयोजक<br>वडा नं. ११ | यथोचित सदुपयोग हुनुपर्ने ।<br>♦विभिन्न योजनाहरुमा बजेट विनियोजन गर्दा व.ना.म.को ५ जना प्रतिनिधी अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था गरियोस । | | भन्ने विषयमा सर्वदलिय साथिहरुसँग छलफल गरेर समिति गठन गर्नेछौं छ<br>♦ न.पा.का कर्मचारीहरु र सर्वदलिय प्रतिनिधीहरु मात्र मिलेर योजनाहरु छनौट गरिएको नभई सरकारको कार्यविधि अनुसारका चरणहरु पुरा गरि प्राप्त भएका योजनाहरुलाई परिषदले पास गरेको हो । आवका दिनमा व.ना.म.का प्रतिनिधिहरुलाई पनि यस कार्यमा सक्रिय सहभागि गराईने छ । |
| १५ | गोपी चन्द्र कार्की<br>वडा नं. २२ | ♦ न.पा.मा भएका प्राकृतिक श्रोत साधनहरुको दिगोरुपमा सदुपयोग गर्न वृहत मेलाको आयोजना गरि योजना निर्माण गर्नुपर्ने ।<br>♦ न.पा.मा २५ वटा वडाहरु रहेका तर १६ वटा मात्रै वडा कार्यालयहरु रहेका छन् । सबै वडाहरुमा कार्यालयहरु स्थापना गर्नु पर्ने । | का.प्र कृष्ण प्रसाद अधिकारी | ♦ प्रकृतिक श्रोतहरुको सदुपयोग गर्ने विषयमा हुने छलफलहरुमा विषय विज्ञहरुको परामर्श लिईने प्रतिवद्धता व्यक्त ।<br>♦ न.पा.का सबै वडा कार्यालयहरुलाई व्यवस्थित गर्दै लैजाने छौं । |
| १६ | उत्तम राउत<br>व.ना.म. संयोजक<br>वडा नं. २४ | सुझावहरु<br>♦चन्द्रागिरी न.पा.का विशेषताहरु पहिचान गरेर मात्र दिगो खालका योजनाहरु निर्माण गर्नु पर्ने ।<br>♦ न.पा.लाई ऐतिहासिक क्षेत्रको रुपमा विकास गर्नु पर्ने ।<br>♦न.पा.ले शहरी भू उपयोग नीति निर्माण गर्नु पर्ने ।<br>♦भवन निर्माण मापदण्ड २०६४ को कडाईका साथ कार्यान्वयन हुनुपर्ने ।<br>♦मसिने र कौंगाभिटी जस्ता क्षेत्रहरुलाई लाई आगामी परिषदबाट विशेष प्राथमिकता दिनु पर्ने ।<br>♦ न.पा.भित्र पर्ने खोलाका किनाराहरुमा व्यवस्थित सडकहरु निर्माण गर्नुपर्ने ।<br>♦ न.पा. भित्रका नदिहरुमा प्रदुषण रोक्नु पर्ने ।<br>♦न.पा.को आवधिक योजना चाँडो भन्दा चाँडो निर्माण गरिनु पर्ने ।<br>♦ चन्द्रागिरी न.पा.लाई ग्रिन ईको टुरिज्मको रुपमा विकास गर्नु पर्ने । | का.प्र कृष्ण प्रसाद अधिकारी<br><br>ने.क.पा. एमालेका प्रतिनिधी तथा वन मित्र रमा आले<br><br>ने.का. प्रतिनिधी घन श्याम गिरी | ♦ यहाँले दिनु भएको अमूल्य सुझावहरुलाई हामिले ती सम्पतीको रुपमा लिएर कार्यान्वयन गर्नेछौं ।<br>♦ यस्ती सुझावहरु दिनु होला र आउँदो दिनहरुमा न.पा.लाई कार्य गर्न सहज हुने वातावरण निर्माण गरिदिनु होला । |

**प्रतिवद्धता**

क) न.पा.का कार्यकारी प्रमुखले प्रवेशद्धार निर्माणको प्रकिया अगाडी बढाउनको लागि सम्वन्धित शाखालाई अनुरोध गर्नु भएको ।

ख) न.पा.ले सबै वडा कार्यालय हरुलाई थप भौतिक व्यवस्था सहित व्यवस्थित बनाउदै लैजाने ।

ग) सार्वजनिक जग्गा मिचेकालाई मापदण्ड भित्र ल्याईने छ तर त्यस कार्यमा सबै स्थानीय जनताले सहयोग गर्नुपर्ने ।

घ) युवा स्वरोजगारमूखी कार्यक्रमलाई न.पा.ले विषेश जोड दिने ।

ङ) आउँदो पौषको परिषद देखी वडाहरुको बजेट विनियोजनमा समानुपातिक प्रक्रिया अपनाउने प्रतिवद्धता जाहेर ।

च) आउँदो परिषदबाट पिछडिएको क्षेत्रलाई माथि उठाउने कार्यक्रममा जोड दिईने छ ।

छ) अघिल्लो वर्ष बजेट विनियोजनमा कमजोरी भएको राजनीतिक दलहरुले नैतिक जिम्मेवारी लिदै आगामि परिषद देखी समानुपातिक रुपमा बजेट विनियोजन गरिने छ ।

ज) न.पा.ले सबैलाई पायक पर्नेठाउँमा कार्यालय स्थापना गर्न सतुङ्गलमा रहेको जि.वि.स.को जग्गा उपयोग गर्न प्रकिया अगाडि बढाई सकिएको छ ।

झ) प्राकृतिक श्रोतहरुको सदुपयोग गर्ने विषयमा हुने छलफलहरुमा विषय विज्ञहरुको परामर्श लिईने प्रतिबद्धता व्यक्त ।

ञ) न.पा.का सवै वडा कार्यालयहरुलाई व्यवस्थित गर्दै लैजाने छौं ।
ट) वडाहरुमा कर्मचारीको अभाव पूर्ति गर्न न.पा.ले छलफल गरिरहेको र चाँडै कर्मचारी खटाईने ।
ठ) न.पा.मा कर्मचारी नियुक्त गर्न पदपूर्ती समिति गठन गरि सकिएको र नियमानुसारनै कर्मचारी नियक्त गरिने प्रतिवद्धता व्यक्त ।
ड) न.पा. भित्रका ईटाभट्टा व्यवस्थित गर्न सवैसँग समन्वय गरिरहेको जानकारी ।
ढ) न.पा.मा गठन गरिने विभिन्न समितिहरुलाई समावेशी मूलक बनाईने प्रतिवद्धता जाहेर ।

**कार्यक्रम समापन**

४ घण्टा सम्म कार्यक्रम सौहार्दपुर्ण वातावरणमा संम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न क्षेत्र तथा समुदायवाट पाल्नु भएका विद्धत वर्गहरुले दिनु भएको सुझावहरुलाई पालना गर्ने र सेवाग्रगिका गुनासाहरुलाई सुनुवाई गर्ने प्रतिवद्धता राजनैतिक दल तथा नगरपालिकावाट जाहेर गर्दै, कार्यक्रम सहजिकरण गरी दिनु भएकोमा भरोसा नेपाललाई धन्यवाद ज्ञापन सहित कार्यकारी प्रमुख कृष्ण प्रसाद अधिकारी ज्यूले कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो ।

# अनुसुची १

## बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन

**स्थानीय निकाय सार्वजनिक सुनुवाई संम्वन्धी कार्यविधि २०६७ परिच्छेद १ को दफा ३ को द मा बहिर्गमन अभिमतको वारेमा उल्लेख गरिएको छ र कार्यविधिमै उल्लेख भए अनुसारको ढाँचामा चन्द्रागिरी नगरपालिका बलम्बु तयार पारिएको यो बहिर्गमन अभिमतको रिपोर्ट यस प्रकार रहेको छ ।**

१) नगरपालिकामासेवाग्राहीको लिङ्ग अन्तर्गत बहिर्गमन अभिमतमा २३ जना महिला र २१ जना पुरुषहरुको सहभागिता रहेको थियो ।

२) सेवाग्रहीहरु मध्ये ९ जना ब्राम्हण, २४ जना जनजाती, १ जना दलित, अन्य ८ र २ जना वर्ग नखुलेका सेवाग्राहीहरु रहनु भएको थियो ।

३) सेवाग्राहीहरु नगरपालिकाहरु वाट प्रवाह भईरहेको सेवाहरु मध्ये

- क) सिफारिस लिन/पुऱ्याउन २४ जना सेवाग्राहीहरु सेवा लिन आउनु भएको थियो ।
- ख) दर्ता/नवीकरण गर्न ९ जना सेवाग्राहीहरु सेवा लिन आउनु भएको थियो ।
- ग) योजना माग गर्न ८ जना सेवाग्राहीहरु सेवा लिन आउनु भएको थियो ।
- घ) योजनाको किस्ता लिन १ जना सेवाग्राही सेवा लिन आउनु भएको थियो ।
- ङ) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न २ जना सेवाग्राहीहरु सेवा लिन आउनु भएको थियो ।
- च) सूचनामूलक सामग्री प्राप्त गर्न १ जना सेवाग्राही सेवा लिन आउनु भएको थियो ।
- छ) अन्य मा तिरो तिर्न २ जना सेवाग्राहीहरु सेवा लिन आउनु भएको थियो ।

**सबै भन्दा धेरै सेवाग्राहीहरु सिफारिस लिन आउनु भएको थियो ।**

**नगरपालिकाका कार्यालयमा सेवाग्राहीले भरेका फारमहरुको विश्लेषणवाट देखिएका मुख्य मुख्य विवरण**

**१) सेवालिन कोसँग संम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? भन्ने प्रश्नमा**

२७ जना (६१%) ले अति स्पष्ट जानकारी भयो, १७ जना (३८%) ले ठिकै जानकारी भयो १ जना (१%) ले अष्पष्ट जानकारी भयो भन्ने जवाफ प्राप्त भएको ।

**२) सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता कति बुझे जस्तो लाग्यो ? भन्ने प्रश्नमा**

२१ जना (४७.७२ %)ले अति धेरै बुझे, २३ जना (५२.२७ %)ले ठिकै बुझे र ०% ले थोरै बुझे भन्ने जवाफ प्राप्त भएको ।

**३) तपाई प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? भन्ने प्रश्नमा**

४१ जना (९३%) ले मैत्रिपूर्ण र मिलनसार व्यवहार गरे, ३ जना (६.८२ %) ले ठिकै व्यवहार गरेको र ० % ले अभद्र र अमर्यादित व्यवहार गरे भन्ने जवाफ प्राप्त भएको ।

**४) सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु वारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरेकी ? भन्ने प्रश्नमा**

२७ जना (६१.३६ %)ले अति स्पष्ट गरे , १७ जना (३८.६४ %) ले ठिकै स्पष्ट गरे र ० % असमल्ल हुने गरी अस्पष्ट सूचना दिए भन्ने जवाफ प्राप्त भएको ।

**५) तपाईले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ? भन्ने प्रश्नको जवाफमा**

२३ जना (५२.२७ %)ले अति सजिलो तरिकावाट समाधान दिए, २१ जना (४७.७२ %) ले ठिकै तरिकावाट समाधान दिए र ०% ले समाधान दिन सकेनन् भन्ने जवाफ प्राप्त भएको ।

**६) सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया के कस्तो लाग्यो ? भन्ने प्रश्नको लागि**

२० जनाले (४५.४५ %)ले सेवा प्राप्त गर्न अति सजिलो वा छोटो प्रक्रिया, २४ जना (५४.५५ %)ले ठिकै प्रक्रिया अपनाईयो र ०% ले लामो र झन्झटिलो प्रक्रिया अपनाईएको भन्ने जवाफ प्राप्त भएको ।

**कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भन्ने प्रश्नमा**

**राम्रा लागेका कुराहरु**

- क) सेवाग्राहीले मिलनसार व्यवहार गरेको
- ख) कार्यालयको सही रुपमा भौतिक व्यवस्थमपन भएको
- ग) कर्मचारीको समन्वयात्मक व्यवहार भएको
- घ) सोधपुछ कक्षको व्यवस्थापन भएको र राम्रो सल्लाह प्राप्त हुने गरेको

**सुधार गर्नुपर्ने विषयहरु**

- क) वडाकार्यालयहरुमा उजुरी पेटिकाको व्यवस्था हुनुपर्ने

ख) जनप्रतिनिधिहरुलाई हरेक कार्यक्रमहरुमा सहभागी गराउनुपर्ने
ग) वडा कार्यालयमा कर्मचारीहरु समय अगावै कार्यालय वन्द गरेर हिड्ने गरेको ।
घ) धेरै छन् पछि लेखौंला भनेर लेख्नु भएको छ ।

**स्थानीय निकाय सार्वजनिक सुनुवाई संम्वन्धी कार्यविधि २०६७ परिच्छेद १ को दफा ३ को घ मा नागरिक प्रतिवेदन पत्र को बारेमा उल्लेख गरिएको छ र कार्यविधिमै उल्लेख भए अनुसारको ढाँचामा तयार पारिएको यो बहिर्गमन अभिमतको रिपोर्ट यस प्रकार रहेको छ ।**

१) नगरपालिकामा सेवालिन आउने सेवाग्राहीहरु जसले नागरिक प्रतिवेदन पत्र भर्नु भएको थियो त्यस मध्ये १८ जना महिला र २६ जना पुरुषहरुको सहभागिता रहेको थियो ।
२) सेवाग्राहीहरु मध्ये ७ जना ब्राम्मण, २७ जना जनजाती, २ जना दलित, अन्य ५ र १ जना वर्ग नखुलेको सेवाग्राहीहरु रहनु भएको थियो ।
(क) चन्द्रागिरी नगरपालिका कार्यालयहरुले प्रदान गर्ने सेवाको सन्तुष्टी मापनमा सहभागिता जनाउनु हुने सेवाग्राहीहरुको विचार यसप्रकार पाईयो ।

**१.तपाईले यस कार्यालयबाट उपलब्ध सेवामा समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**
सेवाग्राही सन्तुष्ट ३१ (७०.४५ %) र
ठीकै संन्तुष्ट १४ (३१.८२ % )
असन्तुष्ट .०%.ले भएको पाईयो ।
**२.सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**
२९ जना (६५.९१ %) ले संन्तुष्ट
१५ जना (३४.०९ %०ले ठिकै संन्तुष्ट र
असंन्तुष्टमा.....०% रहेको पाईयो ।
**३. नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ**
**हुनुहुन्छ भनेर सोधिएकामा**
१७ जना (३८.६४ %)ले संन्तुष्ट,
२७ जना (३१.३६ %)ले ठिकै संन्तुष्ट र
१ जना (२.२७%) ले असन्तुष्ट रहेको पाईयो ।
**४. कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता )सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त**
**हुनुहुन्छ ?**
२८ जना (६३.६४%)ले विश्वस्त,
१७ जना (३८.६४%)ले ठिकै विश्वस्त र
अविश्वस्तमा ...०% रहेको पाईयो ।
**५.तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**
१७ जना (३८.६४ %)ले तिरेको
२८ जना (६३.६४ %)ले तिरेको छैन र
० % ले भन्न नचाहेको भनेर जनाउनु भएको छ ।
**६. यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**
२९ जना (६५.९१ %)ले १ दिन
७ जना (१५.९१ %)ले २ दिन र
७ जना (१५.९१ %)ले धेरै दिन लगाउने गरेको भनेर बताउनु भएको छ।

**ग) सेवाप्रतिको जनविश्वास**
**७. यस कार्यालयबाट दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**
३० जना (६८.१८ %)ले विश्वस्त,
१४ जना (३१.८२ %)ले ठिकै विश्वस्त
र ०% सेवाग्रहीले अविश्वस्त भनेर बताउनु भएको छ ।

**८. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**
२७ जना (६१.३६ %)ले थाहा पाएको,
७ जना (१५.९१ %)ले थाहा नपाएको र
७ जना (१५.९१ %)ले अलि अलि मात्र थाहा छ भनेर बताउनु भएको छ।

**(घ) सेवाको गुणस्तर**

**९. यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**
३९ जना (८८.६४ %) ले सन्तुष्ट ,
४ जना (९.०९ %) ले कम सन्तुष्ट र
१जना (२.२७ %) असन्तुष्ट रहेको भनेर बताउनु भएको छ।

**१०. तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**
धेरैले कार्यालय सहयोगीको , कसैले सामाजिक परिचालकको र कसैले आफै सोध्दै आएको भनेर बताउनु भएको छ।

**११. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?**
३७ जना (८४.०९ %) ले १ पटक ,
६ जना (१३.६४%) ले २ पटक र
२ जना (४.५५ %) ले २ वा सो भन्दा पटक भन्दा धेरै धाउनु परेको भनेर बताउनु भएको छ।

**(ङ) सेवा सम्बन्धी जानकारी**

**१२.कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?**
३२ जना (७२.७३ %) ले आफुलाई बडापत्रबारे जानकारी रहेको ,
१२ जना (२७.२७ %) ले बडापत्रबारे जानकारी नभएको भनेर बताउनु भएको छ।

**१३. यस कार्यालयद्धारा सन्चालन गरिने कार्यक्रममा विपन्न वर्गको उपस्थिति कस्तो हुने गरेको छ ?**
३४ जना (७७.२७ %) ले २० प्रतिशत जती
१ जना (२.२७ %) ले ५० प्रतिशत भन्दा माथी र
७ जना (१५.९१%) ले आफुलाई थाहा नभएको भनेर बताउनु भएको छ।

**१४. जिल्ला/गाउँ परिषदमा समावेशी प्रतिनिधित्व हुने गरेको छ ?**
२० जना (४५.४५ %) हुने गरेको,
२२ जना (५० %) ठिकै रुपमा प्रतिनिधित्व हुने गरेको र
२ जना (४.५५%) ले प्रतिनिधित्व साह्रै कम रहेको भनेर बताउनु भएको छ।

**(च)नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुनुवाई सम्बन्धमा**

**१५. तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**
१५ जना (३४.०९ %) धेरै,
२९ जना (६५.९१ %) कम उपयोग गरेको र
० % सेवाग्राहीले गरेके छैन भनेर बताउनु भएको छ।

**१६. तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?**
१५ जना (३४.०९ %) धेरै,
२७ जना (६१.३६ %) ठिकै र
२ जना (४.५५ %) अति कम सेवा प्रदान गरेको भनेर बताउनु भएको छ।

**१७. तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**
१७ जना (३८.६४ %) धेरै भएको छ ,
२२ जना (५० %)ले ठिकै भएको छ र
५ जना (११.३६ %) ले उजुरी पेटिकाको उपयोग भएको छैने भनेर बताउनु भएको छ।
धन्यवाद ।

# sfo{qmdsf] sx]L emnsx?




sfo{qmd ;xlhs/0f ub}{ e/f];f gk]fnsf lzj clwsf/L



r=g=kf=sf sfo{sf/L clws[t s[0f k|;fb clwsf/L rfd]fl;s k|tjb]g k|:t't ub



j=gf=d ;ef]hs cf^gf ;'emfj tyf ug'f;f]k|:t't ub}{



alxudlg cledt / gful/s k|tjlbg kq k|:t't ub{e/f];f gk|fnsf hjfkmbxL tf clwsf[t dgfh Kofs'/]n



@# g=+j8fsf j=gf=d=;b:o pQd /fpt ;'emfj tyf ug'f;f]k|:t't ub{





sfo{qmdf ;xeflutf hgfpF}jof]{ ;]fufxL




k|tj4tf kqdf x:tfIf/ ub}{gu/kflnsfsf sfo{sf/L k|dv s[0f k| cfrfo{

# चन्द्रागिरि नगरपालिका, बलम्बु, काठमान्डौ

## चालु आ.व. २०७२/०७३ मा संचालित कार्यक्रम तथा प्रगतिको संक्षीप्त विवरण

## (सार्वजनिक सुनुवाई, च.न.पा., मातातिर्थ स्वास्थ्य चौकी परिषर)

## २०७२/७/२३ गते, सोमवार

**चालु आ.व.को हाल सम्मको स्थिती**

भूकम्पबाट पुर्णरुपमा प्रभावित यस नगरपालिका चालु आ.व. २०७२/०७३ सालमा लक्षित वर्ग शिर्षक समेतबाट बाटो तथा सडकका लागि रु १,६०,५२,४४५/- बजेट विनियोजन गरिएको छ । त्यसै गरी खानेपानी योजना तथा ODF समेतका लागि रु ७२,५७,३८०/- बजेट विनियोजन गरिएको छ ।

महिला लक्षीत कार्यक्रम/योजना ५८ वटाको लागि रु ९,०८३,५२२/-, बालबालिका लक्षित कार्यक्रम/योजना ७९ वटाको लागि रु ८७,७४,३३८/-, सबै जातिका विपन्न वर्ग, दलित, आदिवासीजनजाती,

जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम, पिछडा वर्ग लक्षित कार्यक्रम/ योजना ९२ वटाको लागि रु १,२३,२७,६६५/-, कृषि क्षेत्रलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/योजना ७६ वटाको लागि रु ८९,३७२७५/-र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारका योजना ८० वटाका लागि रु १,०६,९१,२००/- गरि जम्मा रु ४,९८,१४,०००/- विनियोजन गरिएको छ ।

भूकम्पवाट पिडित यस चन्द्रागिरि नगरपालिकामा सरसफाई तथा राहत वितरण कार्य निरन्तर रुपमा भै रहेको र भूकम्पको पिडा भूलाउन नसकिरहेको यस अवस्थामा न.पा. को परिषदवाट स्वीकृत भएको योजना तथा कार्यक्रमहरु यहि २०७२ मंसिर महिना भित्र सम्झौता गरी संचालन गर्न सार्वजनिक सूचना तथा पत्राचार भई योजना सम्झौता भई रहेको छ ।

नगरपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पौराणिकरुपमा संचालन हुने धार्मिक पर्व तथा जात्रा कार्यक्रम संचालनार्थ नगरपालिकावाट सहयोग गरिएको तथा सोलाई निरन्तरता दिईने छ ।

सुशासन कार्यान्वयन तर्फ सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरिक वडा पत्र र उपभोक्ता समितिवाट सामाजिक परिक्षणको कार्य संचालनको थालनी गरि सकिएको छ र उक्त कार्यहरुलाई थप प्रभावकारी वनाउने प्रयास जारी छ ।

नगरपालिका तथा नगरपालिकाका सम्पूर्ण वडा कार्यालयमा ई-विलिङ्ग प्रणली जडान गरिसकिएको र मंशिर महिना देखिने ई-विलिङ्ग प्रणली संचालनमा ल्याईने छ । उक्त कार्यवाट थप आर्थिक पारदर्शिता हुने छ ।

सामाजिक सुरक्षा वापत वडा कार्यालय मार्फत वितरण गरिएको रकमको विवरण वेभ साईट ( www.chandragirimun.gov.np) मार्फत सार्वजनिक गर्ने कार्य सुरु गरिएको छ ।

योजना तथा कार्यक्रमहरु चालु आ.व. को समयमै सम्पन्न गर्ने लक्ष लिई योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सुरु गरिसकिएको छ । साथै चालु आ.व. का स्वीकृत सम्पूर्ण योजनाहरु सम्झौताका लागि मंसिर मसान्त सम्मको समयावधि किटान गरी उपभोक्ता समितिहरुलाई जानकारी समेत गराई सकिएको छ ।

साविक गा.वि.स.हरुको पेश्की तथा वेरुजु लगत समेत अद्यावधिक गरि वेरुजु फछ्र्यौटलाई अभियानकारुपमा अगाडी वढाईएको छ ।

नगरपालिकाको पार्श्वचित्र निर्माणमा तयारी भैरहेको र आवधिक योजना तर्जुमाकालागि विषयगत सहयोग समिति निर्माण गरि कार्य अगाडी वढाईएको छ । यसमा सर्वदलीय संयन्त्रको सक्रियता अत्यन्तै राम्रो ढङ्गाले भैरहेको छ ।

वडा नागरिक मञ्च तथा सचेतना केन्द्रलाई प्रभावकारी वनाई वडा विकासमा टेवा पुर्याउन आवश्यक समन्वयकारी भुमिका निर्वाह गर्न प्रयास गरिएको छ ।

**दर्ता चलानी**

**दर्ता चलानी तर्फ**

| विवरण | आ.व.०७२/०७३ को हाल सम्म |
|---|---|
| दर्ता | १३२१ |
| चलानी | १२७९ |

**नक्सा पास तर्फ**

| विवरण | आ.व.०७२/०७३ को हाल सम्म |
|---|---|
| नक्सा पास | ६० |
| नक्सा नविकरण | २ |

| | |
|---|---|
| नक्सा नामसारी | ५१ |
| नक्सा नियमित/प्रमाणित | ६० |
| तल्ला थप संशोधन | ४५ |
| निर्माण सम्पन्न | २०२ |

**<u>सामाजिक सुरक्षा तर्फ</u>**

आ.व.०७२/०७३ को पहिलो चौमासिकको लागि सबै वडाहरुमा गरि रु निकासा पठाई सकिएको र वडाबाट वितरण कार्य अन्तिम चरणमा पुगेको छ।

**<u>आ.व.०७२/०७३ को पहिलो चौमासिकको लागि निकासा भएको विवरण</u>**

| विवरण | संख्या | निकासा रकम |
|---|---|---|
| ६० वर्ष नाघेका दलित जेष्ठ नागरिक | ११९ | - |
| जेष्ठ नागरिक(७० वर्ष नाघेका) | १७७४ | - |
| एकल महिला/विधुवा | १४७८ | - |
| अपाङ्ग (पूर्ण) | ६६ | - |
| अपाङ्ग (आंशिक) | ३० | - |
| पोषण भत्ता | १२७ | - |
| कुल जम्मा | ३५९४ | १,२९,८१,१२०/- |

**<u>व्यक्तिगत घटना दर्ता तर्फ</u>**

| विवरण | आ.व.०७२ वैशाख देखी असोज मसान्त सम्म | |
|---|---|---|
| जन्म | पुरुष | महिला |
| | ४५१ | ४३१ |
| मृत्यु | १०२ | ११२ |
| विवाह | २७१ जोडी | |
| बसाई सराई | १७१ परिवार | |
| सम्बन्ध विच्छेद | १ | |

**चालु आर्थिक वर्ष ०७२/०७३ को हाल सम्मको आय व्यय विवरण ( असोज मसान्त सम्मको )**

केन्द्रीय अनुदान तर्फ रु ७,९०,००,०००/-बजेट पस्तावित गरिएकोमा रु ७०,३१,६००/-निकासा भै रु ७,३२,०००/-खर्च भएको छ। साथै आन्तरिक श्रोत तर्फ रु ६,४४,६०,०००/-प्रस्तावित गरिएकोमा भूकम्पका प्रभावका कारण आशातितरुपमा राजश्व संकलन हुन नसकी रु ६९,५२,६८३/४० मात्र आम्दानी भै गत वर्षको अल्या रकम रु ४,६०,३०,३९९/३६ समेत जम्मा रु ५,२९,८३,०८२/७६ मध्येबाट जम्मा रु १,७५,९८,४६०/२१ खर्च भएको छ।

॥धन्यवाद ॥

आज मिति २०७२ साल कार्तिक २३ गते सोमबारका दिन यस चन्द्रागिरि नगरपालिकाको चालु आ.व. ०७२/०७३ को पहिलो चौमासिकमा सञ्चालित योजना कार्यक्रम तथा प्रगतिको सम्बन्धमा चन्द्रागिरि नगरपालिकाको आयोजना तथा भरोसा नेपालको सहजीकरणमा निम्न व्यक्तिहरूको उपस्थितिमा साबिक न.पा. वडा नं ११ स्थित मातातीर्थ स्थित स्वास्थ्य चौकि प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरियो ।

उपस्थिति

१. कार्यकारी अधिकृत कृष्ण प्रसाद अधिकारी
२. नेपाली कांग्रेस प्र. घनश्याम गिरी
३. ने.क.पा. एमाले प्र. रमा आलेमगर
४. एकीकृत ने.क.पा. माओवादी प्र. मुकुन्द घिमिरे
५. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल प्र. देवेन्द्र प्रधान
६. ने.क.पा. माओवादी प्र. सुरेश लामा
७. मधेशी जनअधिकार फोरम नेपाल (लो.) प्र. विणा गिरी
८. राष्ट्रिय प्रजातन्त्र पार्टी प्र. बसन्त श्रेष्ठ
९. तराई मधेश लोकतान्त्रिक पार्टी प्र. ईश्वर व. श्रेष्ठ
१०. संघीय समाजवादी फोरम नेपाल प्र. भाइराम श्रेष्ठ
११. ने.क.पा. (माले) प्र. रमेश श्रेष्ठ
१२. नेपाल मजदुर किसान पार्टी प्र. गजदास महर्जन
१३. राष्ट्रिय जनमोर्चा गणेशबहादुर कुँवर
१४. ने.क.पा. संयुक्त प्र. भाइराम महर्जन
१५. नेपाः राष्ट्रिय पार्टी प्र. नरेन्द्र महर्जन
१६. ने.क.पा. माओवादी बाबुकाजी शाही
१७. नेपाल सद्भावना पार्टी प्र. कृष्ण महर्जन
१८ मातातीर्थ स्वास्थ्य चौकी प्रमुख प्रकाश घिमिरे
१९ महानगरीय प्रहरी वृत्त थानकोट प्र. नि. अनिल ठकुरी
२० हेमन्त महर्जन इन्जिनियर चन्द्रागिरि नगरपालिका
२१ ने.क.पा. एकीकृत [illegible]
२२. दिल्ली राज पन्त, [illegible], थानकोट [illegible]
२३. नारायण आचार्य थानकोट किराँत
२४. ज्ञानेश्वरी महर्जन
२५. विमला श्रेष्ठ म. स्वा. स्व. से. मातातीर्थ
२६. मैयाँ न्यौपाने " "
२७. ज्ञान कुमारी पाण्डे
२८ अतालराज सिग्देल नेकपा एमाले जि.क.स. तथा नगरप्रतिनिधि

२८(क) बिमला थापा मातातिर्थ स्वा. चौकी
२९. कल्पना खवास ,, ,, ,,
३० केशव कुँडेल मोर्चा नेपाल ,,
३१ भानुका पौडेल वडासचिव १५ १६ २४
३३ सरस्वतीभारती वडासचिव ३२४
 संगिता हुमागाई न. पा.
३४ बिना खड्का न. पा
३५ कल्पना महर्जन
३६ लक्ष्मी कार्की
३७ राज बहादुर खड्का चे. न. पा.
३८ दीपा जोशी च. न. पा.
३९ नवराज बानिया चं. नं. पा
४० मनोज कुमार लिंदेल च. न. पा
४१ कुबेर प्रसाद रिजाल ,, ,,
४२. राम बहादुर श्रेष्ठ च. न. पा.
४३. पवित्रा पौडेल ,, ,, वडा नं २०
४४ गोपीचन्द्र कार्की ,, ,, २३
४५ अम्बिका राणा ,, ,, २२
४६. प्रल्हाद रिजाल ११
४७ चन्द्र कुलाल ,, ,, २२
४८. उत्तम ब. राउत ,, ,, २३
४९ रामराजा थापा ,, ,, ११
५०. पाण्डव प्र. रिजाल ,, ,, ११
५१. नारायण श्रेष्ठ ,, ,, ११
५२. मदन भुर्तेल (वडा नागरिक मञ्च(न्यूज) नगरपालिका ... महासचिव)
५३ जुजुभाइ श्रेष्ठ वडा नागरिक मञ्च संयोजक जुजुभाइ श्रेष्ठ - ९८४१-३०१४३८
५४ भुपुपा श्रेष्ठ - ए माओवादी काठमाडौं जिल्ला सल्लाहकार (मनोहरा - ३२ पा
५५ रत्न लाल श्रेष्ठ → च नं पा १२
५६. सुरेन्द्र के. सी. चे. न. पा - १३
५६. देव कुमार श्रेष्ठ ,, १३
५८. ज्ञानराज दाहिट
५९ राम भगत सुर्वेदी च. न. पा - ११
६०. महेश्वर राना मगर ,, - १०
६१ पञ्चलाल महर्जन चं नं पा १२
६२ आत्मराम रिजाल चे. न. पा १२